प्रदेश आर्थिक बुलेटिन

बर्ष २, अंक ४ कार्तिक, २०८३



गण्डकी प्रदेशको समग्र आय–व्यय तथा प्रमुख आर्थिक गतिविधिहरूको यथार्थपरक विवरण सरोकारवाला निकाय तथा आम नागरिकसमक्ष पारदर्शी रूपमा प्रस्तुत गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ को साउन महिनादेखि मासिक रूपमा **'प्रदेश आर्थिक बुलेटिन'** प्रकाशन हुँदै आएको छ। सोही निरन्तरता स्वरूप चालु आर्थिक वर्ष २०८३/८४ को **कात्तिक मसान्तसम्मको** अद्यावधिक आय–व्यय विवरण तथा मन्त्रालयगत खर्चको तुलनात्मक विश्लेषण समावेश गरी यो अङ्क प्रकाशन गरिएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को कात्तिक मसान्तसम्म प्रदेश सरकारको कुल प्राप्ति वार्षिक लक्ष्यको **१९.८४ प्रतिशत** र कुल खर्च वार्षिक विनियोजनको **९.०६ प्रतिशत** रहेको छ। अघिल्लो आर्थिक वर्ष २०८२/८३ को सोही अवधिको तुलनामा आन्तरिक आम्दानी तथा सङ्घीय अनुदान प्राप्तिमा सकारात्मक वृद्धि देखिए तापनि समग्र प्राप्ति तथा पूँजीगत खर्चको प्रगति अपेक्षाकृत न्यून रहेकाले आगामी महिनाहरूमा राजस्व सङ्कलन र विकास आयोजनाको कार्यान्वयनलाई थप तीव्रता दिनुपर्ने आवश्यकता देखिएको छ।

प्रकाशन तथा सम्पादन

वित्तीय क्षेत्र तथा राजस्व व्यवस्थापन महाशाखा

१. प्रदेश सरकारको आम्दानी (राजस्व तथा अनुदान प्राप्ति) को विश्लेषण

आर्थिक वर्ष २०८३/८४ को कात्तिक महिनासम्म प्रदेश सरकारको कुल प्राप्ति **रु. ६ अर्ब ५४ करोड ७९ लाख** पुगेको छ, सो प्राप्ति वार्षिक लक्ष्य (रु. ३२ अर्ब ९९ करोड ९९ लाख) को **१९.८४ प्रतिशत** रहेको छ। अघिल्लो आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा कुल प्राप्ति रु. ६ अर्ब ८७ करोड ७२ लाख अर्थात् वार्षिक लक्ष्यको २१.५० प्रतिशत रहेको थियो। यसअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म कुल प्राप्ति **रु. ३२ करोड ९२ लाख** (४.७९ प्रतिशत) ले कमी भएको देखिन्छ।

- **आन्तरिक आम्दानीः** अघिल्लो आर्थिक वर्षको कात्तिक मसान्तसम्म रु. ७७ करोड ९५ लाख ८६ हजार (लक्ष्यको १३.५९ प्रतिशत) सङ्कलन भएकोमा चालु आर्थिक वर्षमा **२९.१९ प्रतिशतले वृद्धि** भई **रु. १ अर्ब ७१ लाख ५९ हजार** (लक्ष्यको १७.२४ प्रतिशत) पुगेको छ। यो अघिल्लो वर्षको तुलनामा रु. २२ करोड ७५ लाख ७२ हजार ले बढी हो।
- **नेपाल सरकारबाट प्राप्त अनुदानः** अघिल्लो वर्षको रु. २ अर्ब ६० करोड ५८ लाख २१ हजार (लक्ष्यको २१.३० प्रतिशत) बाट **२२.६० प्रतिशतले वृद्धि** भई चालु आर्थिक वर्षमा **रु. ३ अर्ब १९ करोड ४७ लाख ६५ हजार** (लक्ष्यको २५.१० प्रतिशत) प्राप्त भएको छ।
- **नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँटः** अघिल्लो वर्षको रु. २ अर्ब ७७ करोड ८८ लाख २९ हजार (लक्ष्यको २८.३८ प्रतिशत) को तुलनामा चालु आर्थिक वर्षमा रु. ४३ करोड २८ लाख २४ हजार ३६७ (१५.५८ प्रतिशत) ले कमी आई **रु. २ अर्ब ३४ करोड ६० लाख ४ हजार** (लक्ष्यको २३.०८ प्रतिशत) मात्र प्राप्त भएको छ।
- **अन्य स्रोतहरूः** नेपाल सरकारबाट प्राप्त रोयल्टी र आन्तरिक ऋण शीर्षकमा दुवै आर्थिक वर्षको कात्तिक मसान्तसम्म प्राप्ति शून्य रहेको छ। त्यसैगरी, अघिल्लो आर्थिक वर्षमा गत वर्षको नगद मौज्दात शीर्षकमा रु. ७१ करोड २९ लाख १८ हजार ३९ समायोजन भएकोमा चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म उक्त शीर्षकमा प्राप्ति शून्य रहेकाले समग्र प्राप्ति अघिल्लो वर्षको तुलनामा केही कम देखिएको हो।
- **स्थानीय तहलाई सवारी साधन कर बाँडफाँटः** प्रदेश संचित कोषमा दाखिला हुने बाहेक स्थानीय तहलाई बाँडफाँट गरिने सवारी साधन कर शीर्षकमा आ.व. २०८३/८४ को कात्तिक मसान्तसम्म वार्षिक लक्ष्य रु. ९२ करोडको **२५.३१ प्रतिशत** अर्थात् **रु. २३ करोड २८ लाख ८० हजार ८२६.४०** सङ्कलन भएको छ, जुन अघिल्लो वर्षको सोही अवधि (रु. २१ करोड ८६ लाख ६१ हजार ५५६.८० वा २३.७७ प्रतिशत) को तुलनामा रु. १ करोड ४२ लाख १९ हजार २६९.६० (६.५० प्रतिशत) ले बढी हो।

तालिका १: दुई आर्थिक वर्षको कात्तिक महिनासम्म राजस्व प्राप्तिको अवस्था (रु. करोडमा)

विवरण	आ.व. २०८३/८४	आ.व. २०८३/८४	आ.व. २०८३/८४	आ.व. २०८२/८३	आ.व. २०८२/८३	आ.व. २०८२/८३	प्राप्ति अन्तर (आ.व.२०८३-८४-८२-८३)
				वार्षिक लक्ष्य	प्राप्ति	प्राप्ति %	
	वार्षिक लक्ष्य	प्राप्ति	प्राप्ति %				
आन्तरिक आम्दानी	५८४.१९	१००.७२	१७.२४%	५७३.४४	७७.९६	१३.५९%	२२.७६
नेपाल सरकारबाट प्राप्त अनुदान	१२७२.८५	३१९.४८	२५.१०%	१२२३.३६	२६०.५८	२१.३०%	५८.८९
नेपाल सरकारबाट प्राप्त रोयल्टी	५१.४८	०.००	०.००%	२२.४०	०.००	०.००%	०.००
नेपाल सरकारबाट प्राप्त राजस्व	१०१६.४७	२३४.६०	२३.०८%	९७९.२९	२७७.८८	२८.३८%	-४३.२८
आन्तरिक ऋण	१७५.००	०.००	०.००%	१७५.००	०.००	०.००%	०.००
गत वर्षको नगद मौज्दात	२००.००	०.००	०.००%	२२४.५१	७१.२९	३१.७५%	-७१.२९
जम्मा प्राप्ति	**३२९९.९९**	**६५४.७९**	**१९.८४%**	**३१९८.००**	**६८७.७२**	**२१.५०%**	**-३२.९२**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

२. प्रदेश सरकारको खर्चको तुलनात्मक विश्लेषण

क) कात्तिक महिनाको मात्र मासिक खर्च तुलना (आ.व. २०८१/८२, २०८२/८३ र २०८३/८४)

तीन आर्थिक वर्षको कात्तिक महिनाको मात्र खर्च विश्लेषण गर्दा आ.व. २०८१/८२ मा चालु खर्च रु. २५ करोड ३१ हजार, पूँजीगत खर्च रु. १४ करोड २७ लाख ९ हजार र स्थानीय तह वित्तीय हस्तान्तरण रु. ११ करोड ८४ लाख १ हजार गरी कुल रु. ५१ करोड ११ लाख ४१ हजार खर्च भएको थियो। आ.व. २०८२/८३ को कात्तिक महिनामा चालु खर्च रु. २३ करोड ३० लाख २२

हजार, पूँजीगत खर्च रु. ७ करोड ६ लाख ९५ हजार ६५५.४७ र स्थानीय तह वित्तीय हस्तान्तरण रु. ११ करोड २३ लाख ९७ हजार गरी कुल रु. ४१ करोड ६१ लाख १५ हजार खर्च भएको देखिन्छ। चालु आ.व. २०८३/८४ को कात्तिक महिनामा चालु खर्च रु. १९ करोड ३९ लाख ३९ हजार, पूँजीगत खर्च रु. ९ करोड ९१ लाख ७२ हजार र स्थानीय तह वित्तीय हस्तान्तरण रु. ४६ लाख ६० हजार गरी कुल रु. २९ करोड ७७ लाख ७२ हजार खर्च भएको छ। अघिल्लो वर्षको कात्तिक महिनाको तुलनामा चालु वर्षको कात्तिकमा पूँजीगत खर्च रु. २ करोड ८४ लाख ७६ हजार ले बढेको भए तापनि चालु खर्च तथा स्थानीय तह हस्तान्तरणमा कमी आएका कारण मासिक कुल खर्च कम देखिएको छ।

ख) श्रावणदेखि कात्तिक मसान्तसम्मको संचित खर्च तुलना (स्थानीय तह बाहेक र सहित)


तालिका २: तीन आर्थिक वर्षको महिना अनुसारको वित्तीय प्रगतिको अवस्था (रु. हजारमा)

महिना / विवरण	आ.व. २०८१/८२ चालु खर्च	आ.व. २०८१/८२ पूँजीगत खर्च	आ.व. २०८१/८२ वित्तीय	आ.व. २०८१/८२ स्थानीय तह	आ.व. २०८२/८३ चालु खर्च	आ.व. २०८२/८३ पूँजीगत खर्च	आ.व. २०८२/८३ वित्तीय	आ.व. २०८२/८३ स्थानीय तह	आ.व. २०८३/८४ चालु खर्च	आ.व. २०८३/८४ पूँजीगत खर्च	आ.व. २०८३/८४ वित्तीय	आ.व. २०८३/८४ स्थानीय तह
श्रावण	१३,६२८.०८	४९,७९१.८३	०.००	०.००	१४,२१२.५१	४३,३५५.३५	०.००	०.००	०.००	०.००	०.००	०.००
भाद्र	३०४,९१०.६८	५७८,६८९.८७	०.००	२७१,३३६.२५	३१९,८१०.३०	५१४,६६५.४६	०.००	३७,२२०.२५	३३७,९६९.८७	२२८,८५३.४७	०.००	०.००
असोज	६४४,३६६.०७	९७४,९३६.७५	०.००	३१३,१९५.००	५८६,८८६.७१	९७०,७७३.६४	०.००	१६९,१९१.५०	८०२,९२०.१७	१,०२५,०१३.४०	०.००	२९७,६३०.७५
कार्तिक	२५०,०३१.२८	१४२,७०९.१२	०.००	११८,४०१.००	२३३,०२२.७७	७०,६९५.६६	०.००	११२,३९७.५०	१९३,९३९.२९	९९,१७२.६३	०.००	४,६६०.५०
जम्मा खर्च	**१,२१२,९३६.११**	**१,७४६,१२७.५६**	**०.००**	**७०२,९३२.२५**	**१,१५३,९३२.२८**	**१,५९९,४९०.१०**	**०.००**	**३१८,८०९.२५**	**१,३३४,८२९.३३**	**१,३५३,०३९.५०**	**०.००**	**३०२,२९१.२५**

विनियोजन	११,१५०,०६०.००	१९,५१७,९९३.००	३००,०००.००	२,०१०,५२२.००	१०,६३५,६१६.००	१९,०९३,३२४.००	२५०,०००.००	२,००१,०५९.००	१०,७२६,५९१.००	२०,०२६,१२२.००	२५०,०००.००	१,९९७,१८७.००
खर्च प्रतिशत	१०.८८%	८.९५%	०.००%	३४.९६%	१०.८५%	८.३८%	०.००%	१५.९३%	१२.४४%	६.७६%	०.००%	१५.१४%

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

१. **स्थानीय तहतर्फको वित्तीय हस्तान्तरण बाहेकको खर्च अवस्थाः** तीन आर्थिक वर्षको कात्तिक मसान्तसम्मको संचित खर्च (स्थानीय तह बाहेक) विश्लेषण गर्दा चालु आ.व. २०८३/८४ मा चालु खर्च **रु. १ अर्ब ३३ करोड ४८ लाख २९ हजार** (विनियोजनको १२.४४ प्रतिशत) भएको छ, सो प्रगति अघिल्लो आ.व. २०८२/८३ (रु. १ अर्ब १५ करोड ३९ लाख ३२ हजार) को तुलनामा **रु. १८ करोड ८ लाख ९७ हजार** (१५.६८ प्रतिशत) ले बढी हो। यसको विपरीत, पूँजीगत खर्च अघिल्लो वर्षको रु. १ अर्ब ५९ करोड ९४ लाख ९० हजार (८.३८ प्रतिशत) बाट **रु. २४ करोड ६४ लाख ५० हजार** (१५.४१ प्रतिशत) ले घटेर **रु. १ अर्ब ३५ करोड ३० लाख ३९ हजार** (६.७६ प्रतिशत) मा सीमित रहेको छ। वित्तीय व्यवस्थातर्फ तीनवटै आर्थिक वर्षमा खर्च शून्य रहेको छ। स्थानीय तह बाहेकको कुल खर्च आ.व. २०८१/८२ मा रु. २ अर्ब ९५ करोड ९० लाख ६३ हजार र आ.व. २०८२/८३ मा रु. २ अर्ब ७५ करोड ३४ लाख २२ हजार रहेकोमा आ.व. २०८३/८४ मा **रु. २ अर्ब ६८ करोड ७८ लाख ६८ हजार** रहेको छ। अघिल्लो वर्षभन्दा रु. ६ करोड ५५ लाख ५३ हजार ले कम हुन आउछ।



२. **स्थानीय तहतर्फको वित्तीय हस्तान्तरण सहितको जम्मा खर्च अवस्थाः** स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण समेत समावेश गर्दा आ.व. २०८१/८२ को कात्तिक मसान्तसम्म जम्मा खर्च रु. ३ अर्ब ६६ करोड १९ लाख ९५ हजार (विनियोजनको ११.१० प्रतिशत), आ.व. २०८२/८३ मा रु. ३ अर्ब ७ करोड २२ लाख ३१ हजार (९.६१ प्रतिशत) र चालु आ.व. २०८३/८४ मा **रु. २ अर्ब ९९ करोड १ लाख ६० हजार** (९.०६ प्रतिशत) रहेको छ। अघिल्लो आ.व. २०८२/८३ को तुलनामा चालु वर्षको जम्मा खर्च **रु. ८ करोड २० लाख ७१ हजार**ले र आ.व. २०८१/८२ को तुलनामा रु. ६७ करोड १८ लाख ३५ हजार ले कम रहेको देखिन्छ।

तालिका ३: तीन आर्थिक वर्षको कात्तिक महिनासम्म जम्मा खर्चको अवस्था (स्थानीय तह समेत, रु. हजारमा)

विवरण	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४	फरक (२०८३/८४ - २०८२/८३)
चालु खर्च (स्थानीय तह हस्तान्तरण समेत)	१,९१५,८६८.३६	१,४७२,७४१.५३	१,६३७,१२०.५८	१६४,३७९.०५
पूँजीगत खर्च	१,७४६,१२७.५६	१,५९९,४९०.१०	१,३५३,०३९.५०	-२४६,४५०.६०
वित्तीय व्यवस्था	०.००	०.००	०.००	०.००
जम्मा खर्च	**३,६६१,९९५.९३**	**३,०७२,२३१.६३**	**२,९९०,१६०.०८**	**-८२,०७१.५५**
जम्मा विनियोजन	**३२,९७८,५७५.००**	**३१,९७९,९९९.००**	**३२,९९९,९००.००**	**१,०१९,९०१.००**
खर्च प्रतिशत	**११.१०%**	**९.६१%**	**९.०६%**	**-०.५५ प्रतिशत बिन्दु**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

तालिका ४: तीन आर्थिक वर्षको कात्तिक महिनासम्म स्थानीय तहको वित्तीय हस्तान्तरण खर्च (रु. हजारमा)

विवरण	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४	फरक (२०८३/८४ - २०८२/८३)
स्थानीय तह वित्तीय हस्तान्तरण	७०२,९३२.२५	३१८,८०९.२५	३०२,२९१.२५	-१६,५१८.००
विनियोजन (स्थानीय तह)	२,०१०,५२२.००	२,००१,०५९.००	१,९९७,१८७.००	-३,८७२.००

खर्च प्रतिशत	३४.९६%	१५.९३%	१५.१४%	-०.७९ प्रतिशत बिन्दु

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

३. **स्थानीय तहको खर्च विश्लेषणः** स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ आ.व. २०८१/८२ को कात्तिक मसान्तसम्म रु. ७० करोड २९ लाख ३२ हजार २५० खर्च भएकोमा आ.व. २०८२/८३ मा घटेर रु. ३१ करोड ८८ लाख ९ हजार २५० र आ.व. २०८३/८४ मा **रु. ३० करोड २२ लाख ९१ हजार २५०** खर्च भएको छ। अघिल्लो वर्षको तुलनामा चालु वर्षमा स्थानीय तहमा हुने हस्तान्तरण रु. १ करोड ६५ लाख १८ हजार (५.१८ प्रतिशत) ले घटेको देखिन्छ।

३. मन्त्रालय तथा निकायगत बजेट र खर्चको तुलनात्मक विश्लेषण (कात्तिक मसान्तसम्म)

आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ को कात्तिक मसान्तसम्मको मन्त्रालय तथा निकायगत बजेट विनियोजन र खर्चको तुलनात्मक विश्लेषण गर्दा निम्नानुसारका प्रमुख प्रवृत्तिहरू देखिन्छन्:

- **खर्च प्रगति बढी गर्ने मन्त्रालयहरूः** चालु आ.व. २०८३/८४ को कात्तिक मसान्तसम्म कुल खर्च रकमका आधारमा **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय** (रु. ९८ करोड ५१ लाख ७ हजार अर्थात् प्रदेशको कुल खर्चको ३२.९४ प्रतिशत) अग्रस्थानमा रहेको छ। त्यसपछि क्रमशः **उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय** (रु. ४७ करोड ७१ लाख १५ हजार), **स्वास्थ्य मन्त्रालय** (रु. ४३ करोड ४९ लाख ९२ हजार), **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** (रु. १९ करोड ४० लाख ६३ हजार), **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय** (रु. १७ करोड ३६ लाख ९७ हजार) र **वन तथा वातावरण मन्त्रालय** (रु. १६ करोड १२ लाख ८० हजार) रहेका छन्।
- **वार्षिक विनियोजनको तुलनामा उच्च खर्च प्रतिशतः** वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशतका आधारमा **मुख्य न्यायाधिवक्ताको कार्यालय** (२६.०७ प्रतिशत), **आर्थिक मामिला मन्त्रालय** (२२.९९ प्रतिशत), **प्रदेश व्यवस्थापिका** (१९.७२ प्रतिशत), **प्रदेश लोक सेवा आयोग** (१८.२५ प्रतिशत), **वन तथा वातावरण मन्त्रालय** (१३.२४ प्रतिशत) र **स्वास्थ्य मन्त्रालय** (१३.१३ प्रतिशत) को प्रगति प्रदेशको औसत खर्च प्रतिशत (९.०६ प्रतिशत) भन्दा माथि रहेको छ।
- **अघिल्लो वर्षको तुलनामा खर्च वृद्धि भएका मन्त्रालयहरूः** अघिल्लो आ.व. २०८२/८३ को कात्तिक मसान्तको तुलनामा चालु आ.व. २०८३/८४ मा आर्थिक मामिला मन्त्रालय (रु. ४.३२ करोड), प्रदेश लोक सेवा आयोग (रु. १.५३ करोड), उद्योग तथा पर्यटन मन्त्रालय (रु. १.९१ करोड वृद्धि), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (रु. २.२७ करोड), प्रदेश नीति तथा योजना आयोग (रु. २५ लाख), मुख्य न्यायाधिवक्ताको कार्यालय (रु. १४ लाख वृद्धि), कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (रु. ३.८० करोड), वन तथा वातावरण मन्त्रालय

(रु. ३.११ करोड), प्रदेश व्यवस्थापिका (रु. ४३ लाख) र स्वास्थ्य मन्त्रालय (रु. ३.५६ करोड) को खर्चमा वृद्धि भएको छ।

- **अघिल्लो वर्षको तुलनामा खर्च घटेका मन्त्रालयहरू:** कुल विनियोजनको करिब ५१ प्रतिशत हिस्सा ओगट्ने दुई ठूला पूर्वाधार मन्त्रालयहरूको पूँजीगत खर्चमा कमी आएका कारण समग्र प्रदेशको खर्च अघिल्लो वर्षको तुलनामा रु. ८.२१ करोडले कम देखिएको हो। जसमा **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**को खर्च अघिल्लो वर्षको रु. ११३.५२ करोडबाट १३.२२ प्रतिशत (रु. १५.०१ करोड) ले घटेर रु. ९८.५१ करोडमा र **उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय**को खर्च रु. ५९.९० करोडबाट २०.३५ प्रतिशत (रु. १२.१९ करोड) ले घटेर रु. ४७.७१ करोडमा सीमित रहेको छ। यसैगरी, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको खर्चमा ३.७९ प्रतिशत (रु. ६८.४५ लाख) ले कमी आएको छ।
- **खर्च शून्य रहेका शीर्षकहरू:** अर्थ वित्तीय व्यवस्था, अर्थ आन्तरिक ऋण भुक्तानी, कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा र अर्थ विविध शीर्षकहरूमा दुवै आर्थिक वर्षको कात्तिक मसान्तसम्म प्रत्यक्ष खर्च शून्य रहेको छ।


तालिका ५: मन्त्रालय तथा निकायगत बजेट र कात्तिक मसान्तसम्मको खर्च तुलनात्मक विवरण (रकम रु. करोडमा)

मन्त्रालय / निकायको नाम	आ.व.						खर्च अन्तर	परिवर्तन
	२०८२/८३	२०८२/८३	२०८२/८३	२०८३/८४	२०८३/८४	२०८३/८४	(२०८३/८४ - २०८२/८३)	%
	बजेट	खर्च	खर्च %	बजेट	खर्च	खर्च %		
प्रदेश व्यवस्थापिका	१६.७०	३.६९	२२.११%	२०.९३	४.१३	१९.७२%	०.४४	११.७९%
प्रदेश लोक सेवा आयोग	१४.२०	१.२१	८.५४%	१५.००	२.७४	१८.२५%	१.५३	१२५.७२ %
मुख्य न्यायाधिवक्ता को कार्यालय	२.२५	०.५३	२३.४२%	२.५८	०.६७	२६.०७%	०.१४	२७.४१%
मुख्यमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय	१०४.३९	४.४७	४.२८%	८८.९०	६.७४	७.५८%	२.२७	५०.९०%

आर्थिक मामिला मन्त्रालय	२३.३०	१.८४	७.८८%	२६.७९	६.१६	२२.९९%	४.३२	२३५.४४%
उद्योग तथा पर्यटन मन्त्रालय	८४.५२	३.०५	३.६१%	९२.५०	४.९६	५.३६%	१.९१	६२.४५%
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	२०८.६८	१५.६१	७.४८%	२००.८६	१९.४१	९.६६%	३.८०	२४.३२%
वन तथा वातावरण मन्त्रालय	१०६.५०	१३.०२	१२.२२%	१२१.८०	१६.१३	१३.२४%	३.११	२३.९०%
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	११९८.०९	११३.५२	९.४७%	११९७.४७	९८.५१	८.२३%	-१५.०१	-१३.२२%
उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय	३८८.५१	५९.९०	१५.४२%	४७७.५२	४७.७१	९.९९%	-१२.१९	-२०.३५%
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय	२३९.५२	१८.०५	७.५४%	२१६.८०	१७.३७	८.०१%	-०.६८	-३.७९%
स्वास्थ्य मन्त्रालय	३३२.७०	३९.९४	१२.००%	३३१.२५	४३.५०	१३.१३%	३.५६	८.९१%
प्रदेश नीति तथा योजना आयोग	७.७०	०.५१	६.६३%	१०.४०	०.७६	७.३२%	०.२५	४९.२१%
अर्थ वित्तीय व्यवस्था	२५.००	०.००	०.००%	२५.००	०.००	०.००%	०.००	०.००%
अर्थ आन्तरिक ऋण भुक्तानी	०.३०	०.००	०.००%	०.५०	०.००	०.००%	०.००	०.००%
कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा	१०.००	०.००	०.००%	१४.३५	०.००	०.००%	०.००	०.००%
अर्थ विविध	२३३.७३	०.००	०.००%	२५७.६१	०.००	०.००%	०.००	०.००%
स्थानीय तह	२०१.९१	३१.८८	१५.७९%	१९९.७२	३०.२३	१५.१४%	-१.६५	-५.१८%

गण्डकी प्रदेश (कुल जम्मा)	३१९८.००	३०७.२२	९.६१%	३२९९.९९	२९९.०२	९.०६%	-८.२१	-२.६७%


स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश



४. प्रमुख निष्कर्ष तथा आगामी कार्यदिशा

चालु आर्थिक वर्ष २०८३/८४ को कात्तिक मसान्तसम्म आन्तरिक राजस्व सङ्कलन (२९.१९ प्रतिशत वृद्धि) तथा सङ्घीय अनुदान प्राप्ति (२२.६० प्रतिशत वृद्धि) उत्साहजनक रहे तापनि सङ्घीय राजस्व बाँडफाँटमा आएको कमी र गत वर्षको नगद मौज्दात समायोजन नहुँदा समग्र प्राप्ति अघिल्लो वर्षको तुलनामा ४.७९ प्रतिशतले न्यून देखिएको छ। खर्चतर्फ चालु खर्चमा १५.६८ प्रतिशतले वृद्धि हुँदा पूँजीगत खर्च १५.४१ प्रतिशतले घटेको छ, जसमा विशेषगरी भौतिक पूर्वाधार तथा उर्जा मन्त्रालयको पूँजीगत खर्च सुस्त रहनु मुख्य कारण देखिएको छ।

तसर्थ, आगामी महिनाहरूमा **आन्तरिक राजस्व दायरा विस्तार गरी लक्ष्य अनुरूप राजस्व सङ्कलन गर्ने, सङ्घीय सरकारबाट प्राप्त हुने रोयल्टी तथा राजस्व बाँडफाँटको समयमै समन्वय गर्ने, र विशेषगरी पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयहरूको ठेक्का व्यवस्थापन तथा बहुवर्षीय/सालबसाली आयोजना कार्यान्वयनमा तीव्रता दिई पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने** कार्यलाई उच्च प्राथमिकतामा राख्न आवश्यक देखिन्छ।



गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल